नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक १७६ २०७७ साल माघ २९ गते बिहीबार (11 Feb. 2021 Thursday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिवाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिबाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : इन्टरनेटको गलत प्रयोग : ... ३ पृष्ठमा : प्रयोगात्मक परीक्षा उत्तीर्ण ... ३ पृष्ठमा ब्रेलायतमा मंगलबार ...

## स्वेच्छाधारी रुपले संसद विघटन गरेर प्रधानमन्त्री तानाशाही बन्न खोजे : उपेन्द्र यादव




**दैनिक समाचारदाता**
**राजविराज, २८ माघ ।**

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रतिनिधिसभा विघटन गर्ने अधिकार संविधानमै उल्लेख नभएको भन्दै प्रधानमन्त्रीले आफ्नो स्वेच्छाधारी रुपले विघटन गरेर तानाशाही बन्न खोजेको आरोप लगाएका छन् ।

असंबैधानिक, अलोकतान्त्रिक, प्रतिगमनकारी कदम बिरुद्ध बुधबार सप्तरीको महदेवा गाउँपालिका डाढास्थित आयोजित जनप्रदर्शन तथा बिरोधसभालाई सम्बोधन उनले सो आरोप लगाएका हुन् ।

सभालाई सम्बोधन गर्दै पूर्वउपप्रधानमन्त्री समेत रहेका अध्यक्ष यादवले संसद भंग भएपछि कामचलाउ सरकार हुनुपर्नेमा अहिले ओली सरकार आफूलाई कामचलाउ सरकार नभन्नुमा राष्ट्रपतिले पनि साथ दिइरहेको आरोप लगाए ।

निर्वाचनको मिति तोकेर मन्त्रीपरिषद् बिस्तार, कर्मचारीको सरुवा, संबैधानिक अंगहरुमा नियुक्तिलगायतका काम गरेर प्रधानमन्त्रीले चुनावको बहानामा

*बाँकी अन्तिम पृष्ठमा*

## डाका मुद्दाका मुख्य अभियुक्त कारागार चलान, दुई जना धरौटीमा रिहा



फायल तस्बिर

**दैनिक समाचारदाता**
**राजविराज, २८ माघ ।**

सप्तरी जिल्ला अदालतले नेपाल टेलिकमको उपकरण लुटपाटमा संलग्न मुख्य अभियुक्तलाई पूर्पक्षका लागि मंगलबार कारागार चलान गर्ने आदेश दिएको छ भने सामान खरीद विक्रि गर्ने दुई जनालाई धरौटीमा रिहा गरेको छ ।

सप्तरीको सुरुङ्गा नगरपालिका २ स्थित शिवनारायण चौधरीको घरमा नेपाल टेलिकमद्वारा जडान गरिएको टावर उपकरण लुटपाट गर्ने कार्यमा संलग्न रहेका मुख्य अभियुक्त सिरहाको लहान नगरपालिका १३ निवासी राकेश

*बाँकी अन्तिम पृष्ठमा*

## सेवाग्राहीले हो-हल्ला गरेपछि मालपोत अनिश्चितकालका लागि बन्द



**दैनिक समाचारदाता**
**राजविराज, २८ माघ ।**

राजविराजस्थित भूमीसुधार तथा मालपोत कार्यालयमा बुधबार सेवाग्राहीले हो-हल्ला गरेपछि उक्त कार्यालय अनिश्चितकालका लागि बन्द गरिएको छ ।

कर्मचारी अभावका कारण आधा जसो सेवाग्राही कामै नगराईकन फर्किनु पर्ने आवस्था आएपछि बुधबार सेवाग्राहीहरुले उक्त कार्यालयमा हो-हल्ला गरेका थिए ।

सो कार्यालयमा सुरक्षाका लागि खटिएका प्रहरीले हो-हल्लामा सहभागि पाँच जना सेवाग्राहीलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेशवर साहले जानकारी दिएका छन् ।

बिहानैदेखी लाइन लाग्दा पनि काम नभएको भन्दै गुनासो लिएर कार्यालय भित्र छिरेका सेवाग्राही तथा कर्मचारीकाबीच घम्साघम्सी समेत परेको थियो ।

यसैबीच कर्मचारीको अभावले गर्दा दिनहुँ सेवाग्राहीको चाप बढेको तथा काम गर्ने वातावरण समेत नभएको भन्दै निमित्त कार्यालय प्रमुख प्रमोद कुमार यादवले अर्को सूचना नहुन्जेलका लागि कार्यालयको कामकाज बन्द रहने सूचना जारि गरेका छन् ।



# इन्टरनेटको गलत प्रयोग : बालबालिका यौन शोषणमा पर्दै

काठमाडौँ, २८ माघ (रासस)। पछिल्लो समयमा इन्टरनेटको गलत प्रयोगका कारण बालबालिका यौन शोषणमा पर्दै गएका छन् । नेपाल बाल मजदूर सरोकार केन्द्र (सिविन-नेपाल) ले गरेको अध्ययनअनुसार इन्टरनेट सेवाबाट बालबालिकामा नकारात्मक असर परेसँगै अनलाइनबाट बालबालिका यौन शोषणमा समेत परेको देखाएको छ ।

सन् २०२० मा सो संस्थाले नेपालको सातै प्रदेशमा बालबालिकाको अनलाइन यौन शोषणसम्बन्धी गरेको अध्ययनमा बालबालिका तथा नवयुवाविरुद्ध हुने अनलाइन यौन शोषणका घटनाहरू कम्प्युटर र साइबरको अवास्तविक दुनियाँलाई छिचोलेर प्रत्यक्ष भेटघाट र यौन शोषणसम्म विस्तार भएको पाइएको छ । यसरी यौन शोषणमा पर्नेहरूमा बालिका/किशोरीभन्दा झण्डै दोब्बर सङ्ख्यामा बालक/किशोरहरू रहेको देखाएको छ ।

नौदेखि १९ वर्ष उमेर समूहका एक हजार ७१४ जना बालबालिका तथा किशोरकिशोरीहरूबीच गरिएको थुप्रै बालबालिकालाई अनलाइन यौन शोषणमा परेपछि विद्यालय छोड्न बाध्य गरेको र उनीहरूको दैनिक जीवनमा समेत असर परेको छ । अनलाइनमा नग्न फोटो, अडियो तथा भिडियोहरू बनाएर पठाउनका लागि दबाब झेल्नेहरूमा केटीहरूको तुलनामा केटाहरूको सङ्ख्या अधिक रहेको पाइएको सिविनका कार्यकारी निर्देशक सिम्नीमा तुलाधरले जानकारी दिनुभयो ।

नग्न फोटो, अडियो तथा भिडियोहरू बनाएर पठाउनका लागि दबाब दिने वा बाध्य पार्नेहरूमा प्रेमी प्रेमिका, दौँतरी, सबैभन्दा नजीकका साथीहरू र कतिपय अवस्थामा अपरिचित व्यक्तिसमेत रहेको पाइएको छ । केही विदेशी मूलका मानिसहरू पनि त्यस्ता गतिविधिमा संलग्न भइरहेको अध्ययनले देखाएको छ ।

त्यसैगरी यौन प्रेरित सामग्रीहरू पठाउने माध्यममा प्रेमिका, प्रेमी, दौँतरी र सबैभन्दा नजीकको साथीको हकमा अधिक तर सामाजिक नेटवर्किङ साइटहरू र इमेल प्रयोगमा रहेको पाइएको छ भने अपरिचित र विदेशीलाई पठाउने माध्यमका रूपमा सामाजिक नेटवकिङ साइटहरू, इमेल, अज्ञात लिङ्क र फोनसमेत प्रयोग भएको देखिएको छ । "अनलाइनमा ६३.३६ प्रतिशत पुरुष र ३४.३५ प्रतिशत महिलाले प्रत्यक्षरूपमा क्यामेराको अगाडि नग्न देखिन बालबालिकालाई भनेका थिए, नग्न हुन दबाब दिनेहरूमा आफ्नै साथी, प्रेमिका वा प्रेमी, नातेदार, नजीकका साथी र कतिपय अपरिचितहरू पनि थिए", अध्ययन प्रतिवेदनमा भनिएको छ ।

कूल उत्तरदातामध्ये, १३७ जना (७.९९ प्रतिशत) उत्तरदातालाई क्यामेराको अगाडि नग्न देखिन भनिएको थियो । यसरी नग्न बस्न दबाब खेप्ने उत्तरदातामा ५८ (६२ प्रतिशत) केटा, ४७ (३४.३१ प्रतिशत) केटी र दुईजना ( १.४६ प्रतिशत) लैङ्गिक अल्पसङ्ख्यक समुदायका व्यक्ति रहेका थिए । नग्न देखिन भन्नेमा आफ्नै साथीहरू, सबैभन्दा नजीकका साथी, प्रेमिका, प्रेमी, आफन्त, केही अपरिचितहरू, विदेशी र हेरचाहकर्ताहरूसमेत रहेका छन् ।

कूल उत्तरदाता एक हजार ७१४ मध्ये ४५७ जना (२६.६६ प्रतिशत) ले अनलाइनमा अपरिचित व्यक्तिलाई भेटेको पाइएको छ । यसरी अपरिचित व्यक्तिलाई अनलाइन भेट्ने उत्तरदाताहरूमध्ये १६३ जनालाई छुट्टै प्रत्यक्ष भेट्न भनिएकामा १५४ (३३ प्रतिशत) जनाले भने ती अपरिचित व्यक्तिसँग भेटघाट गरेका थिए । प्रत्यक्ष भेट्न जाने सबैले कुनै न कुनै रूपका यौन शोषणको अनुभव गरेका थिए ।

कूल उत्तरदातामध्ये ३४० जना (१९.८३ प्रतिशत) ले अनिच्छित अनलाइन यौन शोषण भोगेको उल्लेख गरेका छन् । यसरी अनलाइन यौन शोषणको सामना गर्ने उत्तरदातामा केटाको सङ्ख्या केटीको तुलनामा अधिक रहेको छ । अनलाइन यौन शोषणमा परेका उत्तरदाताहरूमा ठूलो मात्रामा मानसिक असर परेको पाइएको छ । उत्तर दिने क्रममा कतिपयले आफू मानसिकरूपमा समस्यामा परेको, कतिपयले पढाइमा ध्यान दिन नसकेको र मर्न समेत तयार रहेको तथा कतिपयले लामो समयसम्म दुःखी भएको बताएका थिए ।

अनलाइन यौन शोषणमा परेका ३४० उत्तरदातामध्ये ४८ (१४.१२ प्रतिशत) जनाले यौन शोषणसम्बन्धी घटना घटेपछि विद्यालय छोडेका छन् । विद्यालय छोडेकाहरूमध्ये १५ जनाले मात्र परामर्श सेवाको खोजी गरेका थिए भने ३४ जनाले आफूहरूलाई दैनिक जीवन व्यवहारमा बाधा परेको बताएका थिए । तीमध्ये नौजनाले मात्र परामर्श सेवा पाउन सकेका थिए ।

अनलाइन यौन शोषणको सामना गरेका ३४० जना उत्तरदातामध्ये २३३ (६८.५३ प्रतिशत) जनाले मात्र परिवार, साथी वा प्रहरीलाई खबर गरेका थिए । त्यसैगरी सामाजिक सञ्जाल तथा सम्पर्क ब्लक गर्ने, आएका कल तथा सन्देशहरूलाई उपेक्षा गर्ने, इन्टरनेटको प्रयोग बन्द गर्ने, सिमकार्ड परिवर्तन गर्ने र सामाजिक सञ्जालमा नयाँ एकाउन्ट खोल्ने कार्य गरेको बताएका थिए ।

अध्ययनमा कूल उत्तरदातामध्ये २५३ (१४.७६ प्रतिशत) जनाले आफू साइबर बुलिङको शिकार भएको बताएका थिए । उनीहरूमध्ये १७५ (१०.२१ प्रतिशत) जनाले आफ्नो बाबुआमालाई उनीहरूको इन्टरनेट बानी व्यवहार थाहा भएपछि पनि साइबर बुलिङको सामना गरेका थिए । अध्ययनअनुसार साइबर बुलिङको घटना सबैभन्दा बढी वाग्मती प्रदेशको काठमाडौँ र मकवानपुरमा (२७ प्रतिशत) रहेको पाइएको छ भने दोस्रोमा प्रदेश नं २ को धनुषा (१८ प्रतिशत) रहेको छ ।

## सम्पादकीय ....

### जानकारी प्राप्त गरी रोजगारमा जानु उपयुक्त

नेपालबाट वैदेशिक रोजगारका लागि विदेशिनेहरुको संख्या बढ्दो छ । गरीबी र रोजगारीको अभावका कारण यसरी विदेशिनेहरुको संख्यामा दिनानुदिन वृद्धि हुँदै गएको छ । तर, यसरी रोजगारीका लागि विदेशिनु सुरक्षित छ वा छैन भन्ने बारे विचार पुऱ्याउनु जरुरी छ ।

वैदेशिक रोजगारीमा जानेहरु पर्याप्त सूचना र जानकारी लिएर नजाँदा एजेन्टबाट वा रोजगारदाताबाट ठगिने जस्ता घटनाहरु विगतमा नभएका होइनन् । तर, अहिले आएर पर्याप्त सूचना र जानकारी प्राप्त गरेर वैदेशिक रोजगारीमा जाने गरेकाले ठगिने घटनामा भने न्यूनता आउन थालेको छ । विभिन्न स्थानिय तहले रेडियो श्रोता क्लव गठन भई यसबाट सुरक्षित वैदेशिक रोजगारी सम्बन्धि छलफल गरिनुले विदेश जानेहरु यसबाट अत्यन्तै लाभ उठाएका छन् ।

विदेश पुगेर ठगिनुभन्दा वैदेशिक रोजगारी सम्बन्धि सम्पूर्ण जानकारी प्राप्त गरी रोजगारमा जानु उपयुक्त हुनेछ । यसका साथै वैदेशिक रोजगारीमा जाँदा दक्ष कामदारका रुपमा सीप सिकेर जानु अत्यन्त सही हुनेछ ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।

**होमियोप्याथिक रिसर्च इन्स्टिच्युट**

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. दिनेश उप्रेती**

**Dr. Dinesh Upreti**

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

**कन्सलटेन्ट फिजिसियन**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

**डा. पारसमणि शाह**

**Dr. Parasmani Shah**

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

**दुखाई विशेषज्ञ**

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569



## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसंग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर ११११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कताहि हुनुपर्छ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

# प्रयोगात्मक परीक्षा उत्तीर्ण गरेको डेढ वर्षभित्र राजश्व

काठमाडौं, २८ माघ (रासस)।

यातायात व्यवस्था कार्यालयले सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा (ट्रायल) उत्तीर्ण गरेको डेढ वर्षभित्र राजश्व तिर्नुपर्ने व्यवस्था गरेको छ। यसअघि सेवाग्राहीले प्रयोगात्मक परीक्षा पास गरेको एक वर्षभित्र राजश्व तिर्नुपर्ने व्यवस्था भएकामा सेवाग्राहीलाई सहज हुने गरी नयाँ व्यवस्था गरिएको हो।

गत आर्थिक वर्षमा प्रयोगात्मक परीक्षा पास गरेका सेवाग्राहीले कोभिड–१९ का कारणले राजश्व तिर्न नपाएकाले अवधि अहिलेका लागि बढाइएको विभागका निर्देशक रामचन्द्र पौडेलले बताउनुभयो। यातायात व्यवस्थापन कार्यविधि निर्देशिका, २०६० मा संशोधन गरी सो व्यवस्था गरिएको हो। उहाँले भन्नुभयो, "धेरै सेवाग्राहीले कोभिडका कारणले राजश्व तिर्न नपाएको भनी गुनासो आएकाले अवधि बढाएको हो।"

कोभिडका कारण तोकिएको अवधिमा सेवाग्राहीले राजश्व बुझाउन नसकेकाले हालका लागि सो व्यवस्था गरिएको भए पनि पछिसम्म सोही व्यवस्थाले निरन्तरता नपाउन सक्ने निर्देशक पौडेलको भनाइ छ। चालक अनुमतिपत्रका लागि परीक्षा सञ्चालन र अनुमतिपत्र वितरण, नवीकरण प्रदेश सरकारअन्तर्गत यातायात कार्यालयले गरिरहेका छन्। अनुमतिपत्रको सर्भरको काम र छपाइको काम विभागले गरिरहेको छ।

विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड–१९ को सङ्क्रमण नेपालमा पनि देखिन थालेको थियो। नेपालमा दोस्रो सङ्क्रमित भेटिएसँगै सरकारले लागू गरेको बन्दाबन्दीका कारण देशभरका सबै सरकारी कार्यालयसँगै यातायात व्यवस्था कार्यालय पनि बन्द भएका थिए। कोभिड–१९ बाट सुरक्षित हुँदै असारदेखि कार्यालय खुले पनि नयाँ चालक अनुमतिपत्र सेवा अवरुद्ध थियो। कार्यालयले चालक अनुमतिपत्र वितरण र नवीकरण जारी राखे पनि कार्यालयमा भीड हुने जनाउँदै नयाँ अनुमतिपत्र सेवा अवरुद्ध गरेको थियो। प्रदेश सरकारअन्तर्गत रहेका कार्यालय र सङ्घीय सरकारअन्तर्गतको विभागबीचको समन्वयमा नै गत पुसदेखि नयाँ अनुमतिपत्र खुलाइएको थियो।

संविधानानुसार यातायातसम्बन्धी जिम्मेवारी सङ्घ र प्रदेशमा बाँडिएपछि कार्यालयहरू नेपाल सरकारले प्रदेश सरकारलाई हस्तान्तरण गरेको थियो। काठमाडौं उपत्यकामा वाग्मती प्रदेश सरकारले एकान्तकुनासँगै चाबहिल, सानो भऱ्याङ र जगातीमा कार्यालय राखेको छ।

# रेलका लागि भाडादर प्रस्ताव

काठमाडौं, २८ माघ (रासस)।

कुर्था–जयनगर रेलमार्गमा झण्डै सडक मार्गमा सरकारले तोके जतिकै भाडादर कायम गरिने भएको छ। सो रेलमार्गमा रेल सञ्चालनको तयारी अघि बढाइरहँदा नेपाल रेल्वे कम्पनी लिमिटेडले भाडादर भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा प्रस्ताव गरेको छ।

धनुषाको कुर्थादेखि भारतको जयनगरसम्म ३५ किलोमिटर सडकमा भाडादर रु ७५ प्रस्ताव गरिएको कम्पनीका महाप्रबन्धक गुरु भट्टराईले जानकारी दिनुभयो। अरु सवारीसाधन जति नै हुने गरी भाडादर प्रस्ताव गरिएको उहाँले बताउनुभयो। सामान्य भन्दा डिलक्स सिटका लागि भने महँगो भाडा पर्नेछ।

सामान्य भन्दा चारदेखि पाँच गुणासम्म महँगो भाडा कायम हुनसक्ने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "हामीले प्रस्ताव गर्दा रु ३७५ प्रस्ताव गरेका छौं।" औपचारिक रुपमा उद्घाटन गर्नासाथ रेल नियमित सञ्चालनको तयारी पूरा भएको कम्पनीले जनाएको छ। भारतीय कम्पनी कोनकोन कम्पनीबाट केही समयमा नै संरचना जिम्मा लिइने कम्पनीले जनाएको छ।

भारत सरकारको आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण भएको सो रेलमार्ग सञ्चालनका लागि गत असोज २ गते दुई सेट डेमो ट्रेन आएको थियो। सो रेलमा एक हजार २०० देखि एक हजार ३०० जनासम्म यात्रु बसेर र उभिएर गरी यात्रा गर्न सक्ने रेल विभागले जनाएको छ। यात्रुबाहक रेल भएकाले यात्रुको झोला र सामान्य सामान मात्रै राख्न सकिने कम्पनीले जनाएको छ।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| विगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### बेलायतमा मंगलबार कारोना भाइरसबाट एक हजारभन्दा बढीको मृत्यु

लन्डन, २८ माघ (रासस/सिन्ह्वा)।

बेलायतमा केही महिना अघिदेखि शुरु भएको कोरोना भइरसको दोस्रो लहर तथा पछिल्ला केही हप्तामा देखिएको कोरोनाको नयाँ स्वरुपको भाइरसपछि मृत्यु हुनेको संख्यामा कमी आएको छैन।

यहाँ यो भाइरसबाट मृत्यु हुनेको संख्या करिब सात माहिना पछिकै धेरै देखिन थालेको यहाँको सरकारी तथ्याङ्कले देखाएको छ।

बेलायतको 'डिपार्टमेन्ट अफ हेल्थ एण्ड सोशल केयर' ले मंगलबार सार्वजनिक गरेको तथ्याङ्कअनुसार गएको २४ घन्टामा थप एक हजार ५२ जना कोरोना संक्रमितको मृत्यु भएको छ।

योसँगै बेलायतमा कोरोनाका कारण ज्यान गुमाउनेको संख्या एक लाख १३ हजार ८५० जना पुगेको पनि बताइएको छ। यहाँ अहिले पनि सङ्क्रमणको संख्या बढीरहेका समाचार आइरहेका छन्।

मृतक तथा कोरोना सङ्क्रमितको संख्या पहिलेका तुलनामा केही कमी देखिएको भए पनि उल्लेखनीयरुपमा कमी आउन भने सकेको छैन।

यहाँ नयाँ स्वरुपको भाइरसको सङ्क्रमण शुरु भएको केही हप्ता अघिको तुलनामा सङ्क्रमित संख्या कम देखिए पनि उल्लेख्यरुपमा कमी आउन भने सकेको छैन।

यहाँका स्वास्थ्यसम्बन्धी अधिकारीले दिएको जानकारीअनुसार गएको २४ घन्टामा १२ हजार ३६४ जना सङ्क्रमित थपिएका छन्।

यहाँको सरकारी तथ्याङ्कमा उल्लेख भएअनुसार योसँगै बेलायतमा यो भाइरसबाट संक्रमित हुनेको संख्या ३९ लाख ७२ हजार १४८ जना रहेको छ।

यसैगरी बेलायतबाट प्राप्त भएको अर्को एक समाचारमा बेलातमा मंगलबारसम्मको तथ्यांकमा यहाँका एक करोड २० लाखभन्दा बढी नागरिकलाई कोरोना भाइरस विरुद्धको खोप दिइएको छ।

### म्यान्मारमा सैन्य कूको विरोधमा प्रदर्शन जारी

याङ्गुन, २८ माघ (रासस/सिन्ह्वा)।

म्यान्मारमा गत साता भएको सैन्य कूको विरोधमा दशौं हजार मानिसले विरोध जारी राखेका छन्। यसैक्रममा मंगलबार एक महिला गम्भीर घाइते भएकी बताइएको छ। प्रदर्शनकारीलाई तितरबितर पार्न प्रहरीले पानीको फोहोरा, रबरको गोली र गोली प्रहार गरेको थियो।

मानवाधिकारवादी समूहका अनुसार घाइते भएका ती महिलाको टाउकोमा गोली लागेको छ।

प्रहरीले बल प्रयोग गर्दा प्रदर्शनकारी घाइते भएका विवरण प्राप्त भएका छन। तर कसैको मृत्यु भएको छैन। बुधवार बिहान पुनःविरोध प्रदर्शन सुरु भएको र राजधानीमा आयोजित पाँचौं दिनको प्रदर्शनमा सरकारी कर्मचारी पनि सहभागी भएका छन।

यसैबीच म्यान्मारको सेनाले नेत्री आङ सान सुकीको पार्टी नेसनल लीग फर डेमोक्रेसीको याङ्गुनस्थित मुख्य कार्यालयमा छापा मारेर तहसनहस पारिदिएको उक्त दलले दाबी गरेको छ। मङ्गलवार राति सुरक्षाकर्मी उक्त कार्यालयको ढोका फोरेरभित्र छिरेर तहसनहस गरेको जानकारी दिइएको छ। पार्टीको कार्यालय तहसनहस पारिदिएको यस अवस्थामा कोही कार्यकर्ता भने नभएका जनाइएको छ।

सेनाले जारी गरेको रात्रिकालीन कर्फ्युका बेला छापा मारेको बताइएको छ। अहिले म्यान्मारमा राति ८ बजेदेखि बिहान ०४ बजेसम्म देशभरि निशेधाज्ञा लागु गरिएको छ।

### शंकास्पद लुटेरा समूहद्वारा उत्तरी नाइजेरियामा २३ गाउँलेको हत्या

अबुजा, २८ माघ (रासस/सिन्ह्वा)।

अफ्रिकी मुलुक नाइजेरियाको उत्तरपश्चिम कडुना प्रान्तको एउटा गाउँमा बन्दुक बोकेका लुटेरा समूहको आक्रमणमा परेर कम्तीमा २३ जना गाउँलेको मृत्यु भएको छ।

प्रान्तका सुरक्षा आयुक्त सामुएल अरुवानका अनुसार सोमबार शंकास्पद लुटेरा समूहले गाउँलेमाथि अन्धाधुन्ध आक्रमण गरेका थिए। नाइजेरियाको सेनाले आक्रमणको खोजीका लागि व्यापक सैन्य अभियान थालेको पनि उहाँले बताउनुभयो।

प्रान्तका गभर्नर नासिर एल-रुफाईले उक्त घटनाको कडा शब्दमा निन्दा एवं भर्त्सना गर्दै लुटेरा समूहका विरुद्ध सैन्य कारबाही तीव्र बनाउन सुरक्षा निकायलाई निर्देशन दिनु भएको छ।

हालैका महिनामा नाइजेरियाको उत्तरी क्षेत्रमा सशस्त्र समूहले नियमित अन्तरालमा आक्रमणको शृंखला नै चलाएका छन्। लुटेरा समूहले किसानले पालेका गाईवस्तु पनि लुट्ने गरेका छन्।

# तिलाठीको दुई विद्यालयमा नयाँ भवन निर्माण हुदै



**दैनिक समाचारदाता**
**राजविराज, २८ माघ ।**

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकास्थित दुई विद्यालयमा नयाँ भवन निर्माणका लागि बुधबार शिलान्यास गरिएको छ ।

उक्त गाउँपालिकाको वडा नं. ४ स्थित राजेन्द्र देवकी माध्यमिक विद्यालयको नयाँ भवन निर्माणका लागि बुधबार जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले शिलान्यास गरेका हुन् ।

एक करोड २५ लाख २७ हजार ९ सय ९६ रुँपैयाको लागतमा सो विद्यालयमा ६ कोठे दुई तल्ले भवन बन्ने र टेण्डर प्रक्रिया समेत अघि बढिसकेको गाउँपालिका अध्यक्ष सतिश कुमार सिंहले जानकारी दिए ।

यस्तै वडा नं. १ स्थित तिलाठी माविमा बन्ने ६ कोठे दुई तल्ले भवनको शिलान्यास भने बिहीबार अध्यक्ष यादवद्वारा नै शिलान्यास गरिने कार्यक्रम तय भएको अध्यक्ष सिंहले बताए ।

अध्यक्ष यादवको पहलमा आफ्नो संसदीय निर्वाचन क्षेत्रको विकासका लागि स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम अन्तरगत उक्त दुबै विद्यालयमा नयाँ भवन निर्माण हुन लागेको गाउँपालिकाका कार्यक्रम अधिकृत राजेश झाले बताए ।

सो अवसरमा प्रदेश २ का भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्रप्रसाद साह, राष्ट्रियसभा सदस्य शेखर कुमार सिंहको पनि उपस्थिति रहेको थियो ।

## डाका मुद्दाका ...

यादवलाई अदालतले कारागार चलान गर्ने आदेश दिएको हो ।

सो लुटपाटका सरसामान बिक्रि गर्ने कार्यमा संलग्न लहान नगरपालिका ३ का पवन जैसवाल ३ लाख र खरीद गर्ने सोही नगरपालिका ४ निवासी दिपक अग्रवाल २ लाख धरौटी बुझाई तारेखमा रिहा भएका छन् ।

यस्तै लुटपाटका उपकरण ओसारपोसारमा प्रयोग गरिएको ना.४ख. ७२४६ नम्बरको ट्रकका धनी लहान नगरपालिका ३ का सूर्यनारायण महतोको संलग्नता नदेखिएकोले थुना मुक्त भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी भुवनेश्वरप्रसाद साहले जानकारी दिएका छन् ।

गत पुस २३ गते चौधरीको घरमा जडान गरिएको नेपाल टेलिकमको टावरमा प्रयोग हुने ६५० एएच ब्याट्रि २४ थान, पावर केबल ३५ एमएमको २० मिटर, अर्थिङ केवल २५ मिटर लगायतका उपकरणहरु यादव नेतृत्वको समूहले लुटेर लगेका थिए ।

प्रहरीले माघ १० गते सो घटनामा संलग्न चारै जनालाई पकाउ गरि डाका मुद्दा अन्तरगत कारवाही प्रक्रिया अघि बढाएको थियो ।

# बालुवाटार र सिंहदरबार घेर्ने प्रचण्डको चेतावनी

**दैनिक समाचारदाता**
**काठमाडौं, २८ माघ ।**

नेपाल कम्युनिष्ट पार्टी ( नेकपा) अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले बालुवाटार र सिंहदरबार घेर्ने ठूलो आमसभा हुने चेतावनी दिएका छन् ।

प्रतिनिधिसभा विघटनको विरोधमा काठमाडौंमा बुधबार आयोजित विरोधसभामा सम्बोधनमा पूर्वप्रधानमन्त्री समेत रहेका प्रचण्डले प्रतिगमन, निरंकुशता र लोकतन्त्रको हत्या गर्ने केपी ओली चरित्र जनताले बुझिसकेकोले जरुरी पऱ्यो भने बालुवाटार र सिंहदरबार घेर्ने चेतावनी दिएका हुन् ।

सोही सभामा अर्का अध्यक्ष माधवकुमार नेपालले प्रधानमन्त्री केपी शर्मा ओली मदन भण्डारीको नाम छाडेर पशुपतिनाथको नाम जप्न थालेको बताए । उनले ओलीले मदन भण्डारीको नाम जप्न छाडेर पशुपतिनाथको नाथको नाम जपेपनि माफी नपाउने बताए ।

वरिष्ठ नेता झलनाथ खनालले केपी ओली राजनीतिक र सैद्धान्तिक रुपले पराजित भइसकेको दाबी गरे । नेता खनालले ओलीलाई मार्क्सवादमा विश्वास हुन छाडेर पशुपतिनाथको मूर्तिमाथि विश्वास हुन थालेको बताए । उनले केपी ओली राजनीतिक र सैद्धान्तिक रुपले पराजित भइसकेकोले अब पशुपतिनाथमा गएर संकल्प पूजा गर्ने अवस्थामा पुगिसिकेको बताए ।

## स्वेच्छाधारी रुपले ...

मुलुकमा मुठभेडको अवस्था सृजना गरि आपतकालिन घोषणा गर्नेतर्फ अग्रसर भएको उल्लेख गरे ।

उनले प्रधानमन्त्रीमा निर्वाचन गर्ने नियत नरहेको भन्दै मुलुकमा उनी निरकुश शासक बन्ने तर्फ अगाडी बढीरहेको आरोप लगाए ।

प्रधानमन्त्री यसरी नै निरकुशताको तर्फ अगाडी बढ्दै जाँदा संघीयता पनि भंग गर्न बेर नलगाउने भन्दै अध्यक्ष यादवले यसप्रति सबै जनता सतर्क रहनु पर्ने बताए । उनले संसद पुर्नस्थापना नभए देश प्रतिगमनतर्फ उन्मुख हुने भएकोले संघीयताको रक्षाका लागि सबैले खबरदारी गर्नु आवश्यक रहेको उल्लेख गरे ।

अयोजित सभामा प्रदेश २ का सामाजिक विकास मन्त्री नवलकिशोर साह, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री शैलेन्द्र प्रसाद साह, राष्ट्रियसभा सदस्य मृगेन्द्र कुमार सिंह यादव, प्रदेशसभा सदस्य मनिष सुमन, पार्टीकी केन्द्रिय सदस्य रेणु यादव, महदेवा गाउँपालिका अध्यक्ष दिपक यादव, तिरहुत गाउँपालिका अध्यक्ष हेमन्त बहरखेर लगायतको उपस्थिति रहेको थियो ।

सोही सभामा विभिन्न पार्टी परित्याग गरि एक सय भन्दा व्यक्ति जसपामा प्रवेश गरेका थिए । प्रवेश गरेकाहरुलाई अध्यक्ष यादवले फुलमाला, गम्छा ओढाई स्वागत गरेका थिए ।

# श्रद्धाञ्जली सभाको आयोजना



**दैनिक समाचारदाता**
**राजविराज, २८ माघ ।**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. ६ ईनरुवा निवासी तथा पुर्ववडा अध्यक्ष रामप्रसाद यादवको १२ औ पुण्य तिथिको अवसरमा बुधबार श्रद्धाञ्जली सभाको आयोजना गरिएको छ ।

नेपाली कांग्रेस क्षेत्र कमिटिद्वारा आयोजित श्रद्धाञ्जली सभामा नेपाली कांग्रेस सप्तरी सभापति दिनेश यादवले एक कर्मठ, ईमान्दार राजनीतिक बिचलन नभएका निडर नेता गुमाएकोप्रति पार्टी स्तब्ध भएको बताएका छन् ।

उनले रामदेवको सम्झनामा शालिक निर्माणका लागी जग्गा उपलब्ध गराईदिए शालिक निर्माण गरिदिने प्रतिबद्धता जनाए ।

नेपाली कांग्रेस क्षेत्रिय प्रतिनिधि रामप्रसाद यादव बिस २०४९ सालको स्थानिय चुनावमा साबिकको ईनरुवा गाबिस वडा ६ बाट वडा अध्यक्षमा निर्वाचित भएका थिए ।

नेपाली काँग्रेसका स्थानिय नेता अवधेश्वर मेहताको अध्यक्षतामा आयोजित श्रद्धाञ्जली सभामा नेपाली कांग्रेस नेता रामदेव साह, बद्री महात्मान यादब, अरूण कुमार मण्डल, रामअवतार यादब, लगायतले श्रद्धाञ्जली मन्तव्य दिदै शोक सन्तप्त परिवारजनप्रति हार्दिक सम्वेदना व्यक्त गरेका थिए ।


**राजविराजको मेनरोडमा कोठा भाडा चाहिएमा**

राजविराज नगरपालिका साविक ३ हाल वडा नं. ४ मेनरोडमा दोश्रो तल्लामा बैंक तथा बित्तिय संस्था, बिमा कम्पनी, संघ संस्था तथा अन्य प्रयोजनका लागि कोठा भाडामा चाहिएमा तु-सम्पर्क गर्नुहोस् ।

**लोकेशन : कामना सेवा विकास बैंकको माथी**
**सम्पर्क नं. ९८४२८२१०८२, ९८१९७२५०८२**






**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।** हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६






**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** rajbirajdainik@gmail.com, **वेबसाइट :** rajbirajdainik.com.np